# उपकार लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय : कोहलपुर, ११, बाँके, फोन नं. : ०८१-५४२०५३
इमेल : upakar.banke1@gmail.com

## सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यहि मिति २०८३/०१/१६ गते बसेको संचालक समितिको १०६औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

सभा हुने मिति : २०८३ साल जेष्ठ १० गते आईतबार (तदनुसार २४ मई , २०२६)
सभा हुने समय : बिहान ११ बजे
सभा हुने स्थान : होटल सेन्ट्रल प्लाजा कोहलपुर, बाँके ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरू:**

**क) सामान्य प्रस्तावहरू**

१) आर्थिक वर्ष २०८१/०८२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२) आ.व.२०८१/०८२ लेखा परीक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरू (मिति २०८२ अषाढ मशान्त सम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचीहरू) समेत वित्तीय विवरण पारित गर्ने सम्वन्धमा ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८२।२०८३ को लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिबाट नियुक्ती हुनु भएको सञ्चालकको बाँकी कार्यकालको लागि अनुमोदन गर्ने सम्वन्धमा ।

५) संस्थाको चुक्ता पुंजी बृद्धिको लागि हकप्रद शेयर जारी गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**ख) विशेष प्रस्तावहरू**

१. संस्थाले अन्य लघुवित्त संस्थाहरू गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धी प्रक्रिया अगाडि बढाउनका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

२. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांकन (Due to diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्बन्धी समझदारी पत्रमा (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्वन्धि आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सिलसिलामा सम्वन्धित निकायहरूबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलि संशोधन एवं परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

उपकार लघुवित्त वित्तीय संस्था लि. उपकार २०७५ केन्द्रीय कार्यालय, कोहलपुर (बाँके)

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी थप जानकारी

१. सातौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०१/३० गते १ दिनका लागि वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०१/२९ सम्म कारोबार भई प्रचलित कानुनबमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईसी एसिया क्यापिटल लिमिटेड, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र उक्त सभामा भाग लिन पाउने छन्।

२. शेयरधनीहरूको हाजिरीको लागि सभा स्थलमा बिहान १०:०० बजेबाट नै हाजिरी पुस्तिका खुल्ला रहनेछ।

३. शेयरधनी महानुभावहरूले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारणसभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा शेयर प्रमाणपत्रको प्रतिलिपि/हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ। सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ।

४. नाबालक शेयरधनीहरूको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन्। शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

५. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा शेयरधनीहरूको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरूको सर्वसम्मतिबाट आफूहरूमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन्।

६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन पाउनेछ।

७. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले वित्तीय संस्थाको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कोहलपुर ११, बाँकेमा बुझाई सक्नु पर्नेछ। प्रोक्सी फारम यस वित्तीय संस्थाको Website बाट Download गर्न सकिने छ।

८. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी वित्तीय संस्थामा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा नियम (५) मा लेखिए बमोजिम हुनेछ।

९. शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबैभन्दा पहिले प्राप्त भएको हो माथि (६) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्वन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वत: बदर हुनेछ।

१०. छलफलको विषय अन्तरगत विविध शिर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै विषय उपर छलफल गर्न चाहेमा सो विषयबारे सभा हुनु भन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ। सो जानकारी नदिएको विषयउपर प्रश्न गर्न पाइनेछैन।

११. साधारण सभा सम्बन्धमा केहि थप जानकारी आवश्यक परेमा वा वार्षिक प्रतिवेदन प्राप्त नभएमा कार्यालय समयभित्र कार्यालयको फोन नं.०८१ ५४२०५३ मा सर्म्पक गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन सकिने छ।

**सञ्चालक समितिको निर्देशन अनुसार**



Scanned with CamScanner